का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ माघ २०८२
शुक्रबार
23 January 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वार्षिकोत्सव विशेषाङ्क
थप ४८ पृष्ठ

वर्ष २४, अंक १। पृष्ठ १२+८+८+८+८+८+८
Madhyanha National Daily
www.madhyanhadaily.com

प्रकाशकीय

## २४ वर्षको यात्रामा



मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशन यात्राका २३ वर्ष सफलतापूर्वक पूरा गरी २४औं वर्षमा प्रवेश गरेको छ । यस गौरवपूर्ण अवसरमा हामी पाठकसँग खुसी साट्न चाहन्छौं । यो सफलता मध्यान्हको मात्र होइन, हामीलाई निरन्तर विश्वास गर्ने आमपाठक, विज्ञापनदाता, विक्रेता, शुभेच्छुक र समर्पित सहकर्मीहरुको साझा योगदानको प्रतिफल हो । वार्षिकोत्सव विशेष प्रकाशन परिवर्तनमार्फत हामी यो खुसी बाँड्न चाहन्छौं ।

२ माघ २०५९ मा प्रकाशन आरम्भ गर्दा मध्यान्हले बहुलवादी समाज, बहुदलीय लोकतन्त्र, संविधानवाद, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई अंगालेर अघि बढ्ने प्रण गरेको थियो । आमनागरिकलाई सत्य, तथ्य र निष्पक्ष समाचारसँगै सही विचार र उपयोगी सूचना दिनुलाई हामीले आफ्नो कर्तव्य मानेका छौं । पत्रकारिताको मूल मर्म र उद्देश्य पनि यही हो । त्यो दायित्वबाट हामी अहिले पनि किञ्चित डगमगाएका छैनौं ।

व्यावसायिक पत्रकारितामा बितेको २३ वर्षे यात्रा हाम्रा लागि पक्कै पनि सजिलो थिएन । पत्रकारितामाथि निरन्तरका आक्रमण र हस्तक्षेपले सत्य लेख्नु जोखिमपूर्ण बन्यो । यस्ता अनेक आरोह-अवरोह र प्रतिकूल परिस्थितिमा पनि मध्यान्हले तथ्यबाट नडगमगाई निष्पक्ष र जिम्मेवार पत्रकारितालाई निरन्तरता दिँदै आएको छ । राष्ट्रिय सार्वभौमसत्ता, नागरिक अधिकार र लोकतान्त्रिक मूल्यहरु कमजोर पार्ने प्रयासविरूद्ध खबरदारी गर्नु हाम्रो दायित्व हो भन्नेमा हामी स्पष्ट रह्यौं ।

यसबीचमा मुलुकले विनाशकारी भूकम्प, नाकाबन्दी, विश्वव्यापी कोभिड महामारी, आर्थिक मन्दी र पछिल्लो जेनजी आन्दोलनपछिको आर्थिक संकट बेहोरेको छ । यसको प्रत्यक्ष असर पत्रिका सञ्चालनमा परेको छ । यस्ता कठिन परिस्थितिमा पनि मध्यान्ह अविचलित भई अघि बढिरहेको छ । पछिल्लो समय पत्रकारितामा सूचनाको अत्यधिक बाढी, सामाजिक सञ्जालको प्रभाव, गलत र भ्रामक सूचनाको फैलावटजस्ता नयाँ चुनौती थपिएका छन् । सही र गलत छुट्याएर समाजलाई दिशाबोध गराउनु पनि हामी सबैको दायित्व बनेको छ । सोही आवश्यकतालाई आत्मसात् गर्दै हामीले मध्यान्हको अनलाइन संस्करण र युट्युब च्यानल मध्यान्ह टिभीलाई प्रभावकारी बनाउने प्रयत्नमा छौं ।


यस लामो यात्रामा निरन्तर साथ सहयोग, विश्वास र हौसला प्रदान गर्नुहुने सम्पूर्ण पाठक, विज्ञापनदाता, विक्रेता तथा शुभेच्छुकहरुप्रति हामी आभारी छौं । तपाईंहरुको विश्वास नै हाम्रो सबैभन्दा ठुलो पुँजी हो । *हार्दिक धन्यवादसहित ।*

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

जेनजी अगुवा

## केही चुनावी मैदानमा केही सडकमै

परिवर्तनसँगसँगै उदाएका केही नेता चुनावबाट जनप्रतिनिधि भएर संसद् छिर्ने ध्याउन्नमा छन् भने केही सडकमै रहेर नयाँ बन्ने सरकारलाई पनि खबरदारी गर्ने भनिरहेका छन् ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ माघ

जेनजी आन्दोलनबाट उदाएका युवा हुन्- सुदन गुरुङ । २३ भदौमा उनी स्वयंसेवी ढंगले आन्दोलनमा जोडिएका थिए । आफू संस्थापक रहेको हामी नेपालबाट पानी वितरणमा खटिएका सुदनलाई अन्ततः आन्दोलनले नेता बनायो । तत्कालीन सरकार अपदस्त भएपछिको संक्रमणकालीन अवस्थामा उनी निर्णायक नै बने । प्रधानमन्त्री छान्नेदेखि मन्त्री खोज्ने काममा खटिएका गुरुङ अन्ततः रास्वपा, काठमाडौंका मेयर बालेन शाह र उज्यालो नेपाल पार्टीका कुलमान घिसिङलाई एकठाउँ ल्याउनसम्म सक्रिय देखिए । अहिले उनी रास्वपाबाट गोरखा-१ बाट प्रतिनिधि सभा निर्वाचन लड्दै छन् ।

अर्का जेनजी अगुवा बब्लु गुप्ता मन्त्री छाडेर सिराह-१ बाट चुनावमा होमिएका छन् । उनी अन्तरिम सरकारमा युवा तथा खेलकुदमन्त्री थिए । तर बालेन



र रास्वपाबीचको एकता सहमतिदेखि नै उनी चुनाव लड्ने तयारीमा थिए । ५ माघमा बालेनसँगै जनकपुरबाट उनले रास्वपाको राजनीति अघि बढाए, जुन सभामा आन्दोलनका अर्का अगुवा पुरुषोत्तम यादव उद्घोषक थिए । उनी पनि रास्वपाको समानुपातिक सूचीमा छन् । पृष्ठ २ मा

## चुनावले अर्थतन्त्र चलायमान

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ८ माघ

फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया सकिएर देश निर्वाचनमय हुँदा अर्थतन्त्रम समेत चलायमान हुँदै गएको छ । प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष तर्फ १ सय ६५ निर्वाचन क्षेत्रमा ३ हजार ४ सय ८६ उम्मेदवार मैदानमा उत्रिएका छन् । यस्तै, समानुपातिकतर्फको बन्दसूचीमा पनि ३ हजार २ सय १३ जना उम्मेदवार छन् । निर्वाचनमा उठेका प्रतिनिधिले आयोगलाई बुझाउने पृष्ठ २ मा

ईपेपर हेर्न

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारमा जानलाई रोकेन चुनावले

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ

नेपालमा संविधान निर्माण तथा नयाँ सरकार गठनका लागि बहुप्रतीक्षित आम चुनाव वा स्थानीय तहको चुनावी माहोलले वैदेशिक रोजगारमा जान बाध्य कामदारहरूलाई पृष्ठ २ मा






# चुनावले अर्थतन्त्र चलायमान

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ८ माघ

फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया सकिएर देश निर्वाचनमय हुँदा अर्थतन्त्रम समेत चलायमान हुँदै गएको छ। प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष तर्फ १ सय ६५ निर्वाचन क्षेत्रमा ३ हजार ४ सय ८६ उम्मेदवार मैदानमा उत्रिएका छन् । यस्तै, समानुपातिकतर्फको बन्दसूचीमा पनि ३ हजार २ सय १३ जना उम्मेदवार छन्। निर्वाचनमा उठेका प्रतिनिधिले आयोगलाई बुझाउने हिसाब मात्र १० अर्ब हन्छ। ३४ सय उम्मेदवार हुँदा एक उम्मेदवारले २५ लाखदेखि ३५ लाखसम्म खर्च गर्न पाउने व्यवस्था छ।

अर्थशास्त्री डा. चन्द्रमणि अधिकारीको अनुसार सरदरमा उम्मेदवार खर्च ३० लाखमान्दा १० अर्ब हुने बताउँछन् तर निर्वाचनका बेला प्रतिस्पर्धीले २ करोडदेखि १० करोडसम्म गर्नेसम्म पाइएको अधिकारी दाबी गर्छन्। निर्वाचनमार्फत नयाँ जनादेशसहित आएको राजनीतिक दलको सरकार बन्ने हुँदा अर्थतन्त्र चलायमान हुने अर्थविद्को भनाइ छ।



निर्वाचनले हुँदा बजारको आर्थिक गतिविधि बढ्दै गएको व्यवसायीसमेत बताउँछन् । निर्वाचनले बैंक तथा वित्तीय संस्थामा भएको पैसा बाहिर आउने र सहरदेखि गाउँसम्मको अर्थतन्त्र चलायमान हुने देखिन्छ। निर्वाचनको सरगर्मीसँगै बढेसँगै मन्दीमा गुग्रिएको अर्थतन्त्रसमेत चलायनमान बन्ने देखिन्छ।

निर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न तीन प्रमुख निकाय निर्वाचन आयोग, गृह मन्त्रालय र रक्षा मन्त्रालयका लागि गरी कुल १९ अर्ब ११ करोड रुपैयाँबराबरको स्रोत सहमति दिएको छ। जसमा निर्वाचन आयोगका लागि ६ अर्ब ७३ करोड, गृह मन्त्रालयका लागि १० अर्ब ३९ करोड र रक्षा मन्त्रालयका लागि १ अर्ब ९९ करोड रुपैयाँबराबरको बजेट छुट्टयाइएको छ।

गृह मन्त्रालयले नेपाल प्रहरी परिचालनतर्फ १ अर्ब ५० करोड, निर्वाचन प्रहरीतर्फ ७ अर्ब २५ करोड, सशस्त्र प्रहरी परिचालनतर्फ ६५ करोड, निर्वाचन सशस्त्र प्रहरीतर्फ ८० करोड, राष्ट्रिय अनुसन्धान विभागतर्फ ५ करोड ५० लाख र गृह मन्त्रालयका लागि १३ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ।

अर्थविद् अधिकारी सरकार र उम्मेदवारको औसतमा खर्च २ खर्बको हाराहारी हुन सक्ने आंकल गर्छन्। उनले बैंकहरूमा थुपिएका रकम बाहिर पैसा आउने, बैंकभन्दा बाहिर रहेको पैसा र विदेशबाट पनि पैसा आउने हुँदा अर्थतन्त्र चलायमान हुने बताए।

निर्वाचनका यातायात, रेस्टुरेन्टदेखि डिजिटल प्रमोसन तथा छपाइका कामसमेत बढ्ने हुँदा आर्थिक गतिविधि बढ्ने अर्थविद् बताउँछन् । यस्तै निर्वाचनको बेला स्रोत नखुलेका रकम, बैंकिङ प्रणाली बाहिरका रकमदेखि करछलीका रकम समेतको प्रयोग हुने हुँदा अर्थतन्त्रलाई बुस्ट गर्ने गरेको अर्थशास्त्रीको भनाइ छ।

# कोरिया रोजगारी : ३ प्रतिशतले बढ्यो तलब

**काठमाडौं/मस–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत रोजगारीमा रहेका कामदारको न्यूनतम पारिश्रमिक करिब ३ प्रतिशतले बढाएको छ। सन् २०२६ का लागि गत वर्षको पारिश्रमिकमा २ दशमलव ९ प्रतिशत वृद्धि गरिएको हो।

जसअनुसार अब प्रतिघण्टा १० हजार ३२० वन हुनेछ। हप्तामा ४० घण्टा काम गर्नेले २१ लाख ५६ हजार वनभन्दा बढी पाउनेछन्। नेपाली रुपैयाँको पछिल्लो विनिमयदर अनुसार इपिएसमार्फत गएका कामदारको तलब मासिक २ लाख १६ हजार रुपैयाँ हाराहारीमा हुनेछ।

---

**केही...**
आन्दोलनको अग्रमोर्चामा रहेर गोली लागेका घाइतेहरूलाई मोटरसाइकलबाट अस्पताल ओसार्ने किशोरी कार्कीले ओखलढुंगाबाट मनोनयन दर्ता गरेकी छन् । उनी कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीमा छिन् । आन्दोलनका अगुवा शिव यादव र सहयोगी केपी खनाल पनि प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार बनेका छन् । त्यस्तै, पुरुषोत्तम यादव, अप्सना दानी, प्रकाश बोहरा, आकृति अवस्थी, मनीष खनालसहितका युवा समानुपातिक बन्द सूचीमा परेका छन्। कार्कीबाहेक अधिकांश जेनजी अगुवा रास्वपाबाट उम्मेदवारी दिएका छन्।

जेनजी आन्दोलनले तत्कालीन कांग्रेस-एमालेको सत्ता मात्र ढालेन, राजनीतिमा नयाँ पुस्तालाई डोऱ्यायो पनि । सुरुका दिनमा आफ्नै दल खोलेर चुनावमा जाने तयारी पनि नभएको होइन । त्यसरी बनाइएका मोर्चा चुनावसम्म आइपुग्दा दलको आकार ग्रहण गर्न सकेनन्। पछिल्लो समय रास्वपा-बालेन र घिसिङ एकठाउँ उभिँदा जेनजी अगुवाहरूले त्यसको स्वागत गरे । रास्वपा वरिष्ठ नेता बालेनले उनीहरूसँग छुट्टाछुट्टै भेटघाट पनि गरे । तैपनि, आन्दोलनबाट उठेका केही अगुवा भने न समानुपातिक बन्दसूचीमा परे, न त प्रत्यक्ष निर्वाचनका लागि अघि सरे।

आन्दोलनको रापताप रातारात चर्चामा आएका केही अनुहार चुनावमा देखिएन्। रक्षा बम, युजन राजभण्डारी, प्रदीप ज्ञवाली, माजिद अन्सारी, उपार्जुन चाम्लिङ, प्रवेश दाहालगायत युवाहरूले २१ फागुनको निर्वाचनमा उम्मेदवारका रूपमा भाग लिएका छैनन्। एमालेनिकट अनेरास्ववियु छाडेर जेनजी आन्दोलनमा आएकी जस्मिन ओझा, भावना राउतलगायतका अगुवा पनि उम्मेदवार छैनन् । उनीहरूले आन्दोलनको मर्म र भावना समेटेर दलहरूले नवयुवालाई स्थापित गर्न खोजेकैमा चित्त बुझाएका छन्।

जेनजी अगुवा रक्षा बमले राजनीतिमा जाने कि नजाने भन्ने व्यक्तिगत इच्छा भएको बताइन्। आफूलाई रास्वपा र कांग्रेसबाट प्रस्ताव आए पनि नगएको उनको दाबी छ। 'केही राजनीतिक दलबाट चुनावमा लड्ने प्रस्ताव आए पनि स्वीकार गरिनँ,' उनले भनिन्, 'राजनीतिमा आउँदै गर्दा धेरै कुरा सम्झौता गर्नुपर्नेरहेछ । मैले त्यस्तो सम्झौता गर्न सकिनँ । अहिलेलाई म सडकमै बस्छु। आन्दोलनले उठाएका प्रश्नहरू जोगाइरहन्छु।'

बमले दलविशेषमा सामेल भएर चुनाव लड्दा सडकको आवाज मर्ने र आन्दोलनको प्रश्न जीवित नहोला कि भन्ने प्रश्न बाँकी नै रहेको बताइन्।

आन्दोलन सफल बनाउन अग्रभागमा रहेका जेनजीहरू निर्वाचनबाट बाहिर रहन नहुने अर्का अगुवा खेमराज साउद बताउँछन् । देश निर्माणको अभियानमा सँगै आउन आग्रह गर्दै उनले भने, 'यो निर्वाचन देश निर्माणको अभियान हो । अभियानबाट आगामी पाँच वर्षको सरकार निर्माण गर्ने र आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सबै एकाकार हुनै पर्छ।'

आन्दोलनमै होमिएका कतिपय केही युवाहरू निर्वाचन हुनुहुँदैन भन्नेदेखि राजा चाहिन्छ भन्नेसम्मका माग राखेर सडकमै छन् । जेनजी आन्दोलनको बलमा हुन लागेको यो मध्यावधि निर्वाचनमा पुराना र नयाँ राजनीतिक दलहरूले नवयुवाहरू प्राथमिकतामा राखेको देखिन्छ । नेकपा एमालेले ११औं महाधिवेशनबाट प्रत्येक क्लस्टरमा युवाको प्रतिनिधित्व गराएर केन्द्रीय कमिटिमा युवालाई स्थापित गराएको छ । एमालेले टिकट वितरणमा समेत युवालाई प्राथमिकता दिएको देखिन्छ । त्यस्तै, नेपाली कांग्रेसका करिब ४० प्रतिशत उम्मेदवार युवा उमेर समूहका रहेको कांग्रेसका महामन्त्री प्रदीप पौडेलले बताए । नेपाली कम्युनिस्ट पार्टीले पनि नयाँ र युवा उम्मेदवारलाई अघि सारेको छ । रास्वपामा अधिकांश उम्मेदवार युवा छन् । रास्वपाले कतिपय जेनजी अगुवा, आन्दोलनका घाइते र शहीद परिवारलाई समेत समानुपातिकमा समेटेको छ। यसले भदौ २३ र २४ को आन्दोलनको अपनत्व लिएको सन्देश पनि दिएको छ । रास्वपाले जेनजी आन्दोलनको भावनालाई पूर्ण अपनत्व लिएर अघि बढेको रास्वपाका केन्द्रीय सदस्य साउद बताउँछन्।

**पुराना दलमा पनि युवा बढ्दै**

नेपालको राजनीतिक इतिहास हेर्दा जंगबहादुर राणाले ३१ वर्षको उमेरमा मुलुकको प्रधानमन्त्री भई शासन चलाएका थिए । त्यस्तै, कांग्रेसका संस्थापक नेता बिपी कोइराला ४५ वर्षको उमेरमै प्रधानमन्त्री भएर मुलुकको शासन सत्ता चलाए।

नेपाली कांग्रेसका निवर्तमान पार्टी सभापति शेरबहादुर देउवा पहिलोपटक प्रधानमन्त्री हुँदा ४८ वर्षका थिए। उनी पाँचौंपटक देशको प्रधानमन्त्री भएर पनि पार्टी नेतृत्व छोड्ने मनस्थितिमा थिएनन्। यद्यपि उनलाई विशेष महाधिवेशन बोलाएरै नेतृत्वबाट बिदा गरियो । जेनजीको आन्दोलनपछि कांग्रेसमा रूपान्तरण र पुस्तान्तरणको बहस चलेको थियो । कांग्रेसका तेस्रो पुस्ताका नेताहरूले पार्टीको नेतृत्वमा पुगेका छन्। केन्द्रीय समितिमा अधिकांश युवाहरूको वर्चस्व छ।

त्यस्तै, नेकपा एमालेका मदन भण्डारी ३८ वर्षको उमेरमा नै पार्टी महासचिव बनेका थिए भने माधवकुमार नेपाल ४० वर्षमा पार्टी महासचिव भइसकेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओली युवा उमेरमै पार्टीको महत्त्वपूर्ण पदमा पुगिसकेका थिए । एमालेमा पनि जेनजी आन्दोलनले हलचल ल्यायो । ११औं महाधिवेशनबाट नेतृत्व पुरानै कायम राखे पनि केन्द्रीय कमिटीमा उल्लेख्य संख्यामा युवा स्थापित गराएको सचिव महेश बस्नेतले बताए।

उता १० वर्षे 'जनयुद्ध' नेतृत्व गरी राष्ट्रिय राजनीतिको मूलधारमा आएका पुष्पकमल दाहाल प्रचण्ड ३५ वर्षमा पार्टी महासचिव बनेका थिए। उनी अहिले पनि पार्टी नेतृत्वमै छन् । जेनजी आन्दोलन ताका प्रमुख प्रतिपक्षी दलको भूमिकामा रहेको प्रचण्डले माओवादी विघटन गर्दै १९ वटा कम्युनिस्ट घटक जम्मा पारेर नेपाली कम्युनिस्ट पार्टी बनाएका छन्। तर नेतृत्व छाडेका छैनन्। उनी नेकपाको संयोजक छन् । सो दलमा युवाहरू समेटिए पनि नेतृत्व तहमा पुग्न सकेका छैनन्। तर ६ महिनापछि हुने पार्टी महाधिवेशनबाट नेतृत्वमा युवालाई अघि सारिने नेता देवप्रसाद गुरुङले बताए।

**चुनावले...**
हिसाब मात्र १० अर्ब हन्छ। ३४ सय उम्मेदवार हुँदा एक उम्मेदवारले २५ लाखदेखि ३५ लाखसम्म खर्च गर्न पाउने व्यवस्था छ।

अर्थशास्त्री डा. चन्द्रमणि अधिकारीको अनुसार सरदरमा उम्मेदवार खर्च ३० लाखमान्दा १० अर्ब हुने बताउँछन् तर निर्वाचनका बेला प्रतिस्पर्धीले २ करोडदेखि १० करोडसम्म गर्नेसम्म पाइएको अधिकारी दाबी गर्छन्। निर्वाचनमार्फत नयाँ जनादेशसहित आएको राजनीतिक दलको सरकार बन्ने हुँदा अर्थतन्त्र चलायमान हुने अर्थविद्को भनाइ छ।

निर्वाचनले हुँदा बजारको आर्थिक गतिविधि बढ्दै गएको व्यवसायीसमेत बताउँछन्। निर्वाचनले बैंक तथा वित्तीय संस्थामा भएको पैसा बाहिर आउने र सहरदेखि गाउँसम्मको अर्थतन्त्र चलायमान हुने देखिन्छ। निर्वाचनको सरगर्मीसँगै बढेसँगै मन्दीमा गुग्रिएको अर्थतन्त्रसमेत चलायनमान बन्ने देखिन्छ।

निर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न तीन प्रमुख निकाय निर्वाचन आयोग, गृह मन्त्रालय र रक्षा मन्त्रालयका लागि गरी कुल १९ अर्ब ११ करोड रुपैयाँबराबरको स्रोत सहमति दिएको छ। जसमा निर्वाचन आयोगका लागि ६ अर्ब ७३ करोड, गृह मन्त्रालयका लागि १० अर्ब ३९ करोड र रक्षा मन्त्रालयका लागि १ अर्ब ९९ करोड रुपैयाँबराबरको बजेट छुट्टयाइएको छ । गृह मन्त्रालयले नेपाल प्रहरी परिचालनतर्फ १ अर्ब ५० करोड, निर्वाचन प्रहरीतर्फ ७ अर्ब २५ करोड, सशस्त्र प्रहरी परिचालनतर्फ ६५ करोड, निर्वाचन सशस्त्र प्रहरीतर्फ ८० करोड, राष्ट्रिय अनुसन्धान विभागतर्फ ५ करोड ५० लाख र गृह मन्त्रालयका लागि १३ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ।

अर्थविद् अधिकारी सरकार र उम्मेदवारको औसतमा खर्च २ खर्बको हाराहारी हुन सक्ने आंकल गर्छन् । उनले बैंकहरूमा थुपिएका रकम बाहिर पैसा आउने, बैंकभन्दा बाहिर रहेको पैसा र विदेशबाट पनि पैसा आउने हुँदा अर्थतन्त्र चलायमान हुने बताए।

निर्वाचनका यातायात, रेस्टुरेन्टदेखि डिजिटल प्रमोसन तथा छपाइका कामसमेत बढ्ने हुँदा आर्थिक गतिविधि बढ्ने अर्थविद् बताउँछन् । यस्तै निर्वाचनको बेला स्रोत नखुलेका रकम, बैंकिङ प्रणाली बाहिरका रकमदेखि करछलीका रकम समेतको प्रयोग हुने हुँदा अर्थतन्त्रलाई बुस्ट गर्ने गरेको अर्थशास्त्रीको भनाइ छ।

**वैदेशिक ...**
उत्साहित बनाउन सकेको छैन । पछिल्लो पटक २०७९ मंसिर ४ गते प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन भएको थियो । वैदेशिक रोजगारमा जानुपर्नेहरूलाई त्यसले छोएको देखिँदैन । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार प्रतिनिधिसभाका लागि निर्वाचन भएको २०७९ को कात्तिक महिनामा ७१ हजार ४३, मंसिर महिनामा ६२ हजार १३ र पुस महिनामा ६० हजार ४ सय ३१ जना वैदेशिक रोजगारीमा गएका थिए।

२०७९ साल वैशाख ३० गते स्थानीय तहको निर्वाचन भएको थियो । विभागको तथ्यांकअनुसार उक्त महिनामा ४५ हजार ४ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए। स्थानीय तह निर्वाचनको अर्को महिना जेठमा ६२ हजार ३ सय ४९ जना वैदेशिक रोजगारीमा गएका थिए । स्थानीय तहको निर्वाचनका कारण २०७९ को जेठमा भन्दा वैशाखमा १७ हजार कम कामदारले वैदेशिक रोजगारको बाध्यकारी बाटो राजेका थिए।

निर्वाचनको महिनामा पनि वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा उल्लेख्य कमी नआउनुले प्रमुख राजनीतिक दलहरूले रोजगारीका ऐजेन्डालाई इमानदारपूर्वक उठाउन इच्छा नदेखाएको कतिपयको टिप्पणी छ।

गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले जारी गरेको घोषणापत्रमा श्रमका लागि वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको क्रमशः अन्त्य गर्ने उल्लेख थियो । कांग्रेसले घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेहरूका लागि जानपूर्व सीप र दक्षता अभिवृद्धिका लागि रुचि, क्षेत्र र आवश्यकताअनुसर सीपमूलक तालिम उपलब्ध गराइने, वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरूको सीप, दक्षता, पुँजी र विप्रेषण आयलाई उत्पादनमूलक प्रयोजनमा लगानी गर्दै भविष्यमा निवृत्तिभरण सरहको लाभांश पाउने गरी जलविद्युत, पूर्वाधार बैंक, आवास जस्ता आयोजनाहरू स्थानीय तहमै कार्यान्वयन गरिने प्रतिबद्धता जनाएको थियो।

एमालेले वैदेशिक रोजगारीमा जानेका लागि एक स्थानीय तहमा एक तालिम केन्द्र स्थापनासँगै विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप र पँजीको सदुपयोग गर्नेसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको थियो।

तर ती प्रतिबद्धता कार्यान्वयनमा आएको देखिएको छैन । यसपटक राजनीतिक दलहरूले चुनावी अभियान सुरुवात गरेपनि चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन्। उनीहरूले वैदेशिक रोजगार सम्बन्धमा कार्यान्वयनमा आउन नसकेका पुरानै प्रतिबद्धता दोहोऱ्याउँछन् वा समस्या समाधान गर्ने नयाँ योजना ल्याउँछन्, त्यसका लागि निर्वाचन घोषणापत्र कुर्नुपर्ने देखिएको छ।

---

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जानकी फाइनान्स कम्पनी लि.
Janaki Finance Company Ltd.
जनकपुर धाम, नेपाल
Phone No.: 041-590586, 041-590587
Fax: 041-590588
E-mail: janakicompanyltd@gmail.com

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
Central Office: Newroad, Pokhara
Phone No. 061-583590,583634
Email: info@greenbank.com.np
Website: www.greenbank.com.np

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4423618, 4423630, Fax No: +977-01-4423657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email: info@kisancoop.com.np
Web: www.kisancoop.com.np

मेरोमाइक्रोफाइनान्स
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
Battar, Bidur-4, Nuwakot, Telephone: +977 10 561746/561747
Email:corporate@meromicrofinance.com
Web: www.meromicrofinance.com
Contact Office: Sitapaila, Kathmandu, Telephone: 01-5315936/937

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Address: Banepa-10, Kavrepalanchowk
Email: info@aarambhachautari.com, aarambhachautari@gmail.com
Contact: 011-664579
Website: www.aarambhachautari.com

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
Address: Sanga,Kavre, Nepal
Email: info@mlbsl.com.np mlbsl.nepal@gmail.com
Contact: 011-661329
Website: www.mlbsl.com.np

उपकार लघुवित्त वित्तीय संस्था लि.
Upakar Laghubitta Bittiya Sanstha Ltd.
Address: Kohalpur-11, Piapalchautara, Banke, Nepal
Email: upakar.banke1@gmail.com
Contact: +977-081-540744, 542053
Website: www.ulbsl.com.np

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
Head Office: Pokhara-25, Hamja, Milanchowk, Kaski
Ph.: 061-400427 / 400477, 400537 / 400538

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
Mahuli Laghubitta Bittiya Sanstha Limited

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.
Head Office: Butwal-10, Kalikanagar
Phone: 071-438171
Email: info@jucbank.com.np
Url: www.jucbank.com.np

FORWARD
Central Office: Duhabi-5, Sunsari
Phone No: +977-25-542018
Fax: +977-25-541483
Email Id: info@forwardmfbank.com.np

मल्टीपर्पस फाइनान्स लिमिटेड
Multipurpose Finance Limited
Corporate Office: Janakpurdham-4, Vidhyapati Chowk, Dhanusha
Ph.: 041-591170, 591171
E-mail: info@multipurposefinance.com
Website: www.multipurposefinance.com

**Government of Koshi Province**
**Ministry of Physical Infrastructure Development**
## Infrastructure Development Directorate
## Infrastructure Development Office, Jhapa
**Bhadrapur, Nepal**

## Invitation for Bids

**First Date of publication: 23rd January 2026 (Magh 9, 2082)**

1. Infrastructure Development Office, Jhapa invites electronic bids from Nepalese eligible bidders for the Upgrading of various Roads in Jhapa District under National Competitive Bidding procedures.

| S. N. | Description of Works | Contract Identification No. | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Estimated Amount (With VAT and PS) (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Adharsha maa.vi Adhuro Library Bhawan Kankai-9, Jhapa | IDO-JHP/W/SQ/ BLG-92/082-83 | 1000.00 | 27000.00 | 1,071,899.96 |
| 2 | Krishna Pranami Satsang Parishad Adhuro Bhawan Nirman Birtamode 10 | IDO-JHP/W/SQ/ BLG-93/082-83 | 1000.00 | 27000.00 | 1,071,464.15 |
| 3 | Traffic Prahari Karyalay Damak Jhapa Bhawan Nirman | IDO-JHP/W/NCB/ BLDG-154/082-83 | 3000.00 | 164,000.00 | 6,522,086.43 |
| 4 | Shree Garamani Samudayik Campus Birtamode 7 Jhapa | IDO-JHP/W/NCB/ BLDG-155/082-83 | 3000.00 | 159,000.00 | 6,331,061.18 |
| 5 | Koch Rajbamsi saskriti samrachhyan tatha paryatan prawardhan kendra kankai-9, Jhapa | IDO-JHP/W/NCB/ BLDG-156/082-83 | 3000.00 | 61,000.00 | 2,434,291.14 |
| 6 | Prahari Chauki Kunjibari Gaurigunj-1, Jhapa ko bhawan Nirman | IDO-JHP/W/NCB/ BLDG-157/082-83 | 3000.00 | 1,22,000.00 | 4,870,034.97 |

| S. N. | Description of works | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | AACT (NRs.) | Specific Construction Experience | Experience in Key Activities | Bid Capacity (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 7 | Construction of Library Building of Damak Multiple Campus, Damak, Jhapa (Contract I.D.: - IDO-JHP/W/NCB/ MY-153/2082-83) | 5000.00 | 550,000.00 | 17,000,000.00 | At least One (1) Contract for Building construction work within the last ten (10) years, with a value of at least NRs 8,900,000.00 | M25 or above grade Concrete with quantity 125 Cum/year | 18,000,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from Infrastructure Development Office, Jhapa (email:- idojhapa11@gmail.com) during office hour or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Interested Eligible bidder must download the complete set of bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp, prepare their bids and submit their bid electronically through PPMO website www.bolpatra.gov.np/egp. The bidder should deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastya Banijya Bank, Bhadrapur, Jhapa
   Name of Office : Infrastructure Development Office, Jhapa
   Office Code no. : 3370112011
   Office Account no. : 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Jhapa at 1pm on 12th February 2026 (29th Magh 2082).
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 22nd February 2026 (10th Falgun 2082) for NCB and 8th February 2026 (25th Magh 2082) for SQ.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 PM on on 22nd February 2026 (10th Falgun 2082) for NCB and 8th February 2026 (25th Magh 2082) for SQ. Bids must be valid for a period of 90 days (for NCB) and 45days (for SQ) after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to NRs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Office chief**


# सजिलो छैन शंकर पोखरेललाई चुनाव जित्न

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ माघ

पार्टीको ११औं महाधिवेशनमा संस्थापन इतरसमूहको निशानामा परे पनि अन्ततः शंकर पोखरेल चुनाव जितेर एमाले महासचिवमा दोहोरिए । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भने उनले त्योभन्दा चर्को चुनौतीको सामना गर्नुपर्ने देखिएको छ ।

परम्परागत निर्वाचन क्षेत्र दाङ-२ बाट उठेका पोखरेललाई कांग्रेसका महासमिति सदस्य किरणकिशोर घिमिरे, नेपाली कम्युनिस्ट पार्टीबाट निर्मल आचार्य र राष्ट्रिय स्वतन्त्र पार्टीबाट विपिनकुमार आचार्यसहित २० जना उम्मेदवारले चुनौती दिँदै छन् । यसपटकको निर्वाचनमा त्रिपक्षिय प्रतिस्पर्धा हुने प्रारम्भीक अनुमान छ । कांग्रेस र एमाले परम्परागत प्रतिस्पर्धी हुन् भने नेकपा वा रास्वपामध्ये एउटा त्यो प्रतिस्पर्धामा थपिने स्थानीय विश्लेषकहरुको आंकलन छ ।







पोखरेल २०७९ सालको निर्वाचनमा कांग्रेस र तत्कालीन माओवादी केन्द्रसहितको गठबन्धनका उम्मेदवार रेखा शर्मासँग १९६ मतको झिनो अन्तरले पराजित भएका थिए । शर्मा २६ हजार ८७७ मतसहित विजयी हुँदा पोखरेलले २६ हजार ६८१ मत प्राप्त गरेका थिए ।

कांग्रेसका घिमिरे अनुभवी राजनीतिज्ञ मानिन्छन् । उनी ट्रेड युनियन आन्दोलनबाट राजनीतिमा आएका हुन् । नेदरल्याण्ड्सको मास्ट्रिच स्कूल अफ म्यानेजमेन्टबाट सामान्य रणनीतिक व्यवस्थापनमा र भारतबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेका उनी पूर्वशिक्षक पनि हुन् । नेकपाबाट निर्मल आचार्यले पोखरेललाई चुनौती दिँदैछन् । उनी नेपाली कम्युनिष्ट पार्टी दाङ जिल्लाको ईन्चार्ज हुन ।

लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्रीसमेत रहेका पोखरेल एमालेका प्रभावशाली नेता हुन् । आफू मुख्यमन्त्री हुँदा दाङ देउखुरीमा प्रदेश राजधानी ल्याए पनि गत निर्वाचनमा हार बेहोर्नुपरेकोमा उनले गुनासो गर्दैआएका थिए । यसपटक भने जित हासिल हुने दाबी एमाले नेताहरुको छ । तर, काठमाडौंका निवर्तमान मेयर बालेन शाहलाई भावी प्रधानमन्त्री घोषणा गरेर अघि बढेको रास्वपाको पक्षमा कस्तो लहर आउँछ त्यसैमा उनको हार/जितको निक्यौल हुनेछ । रास्वपाले सहमहामन्त्री विपिन आचार्यलाई अघि सारेको छ । विपिन यस क्षेत्रका लागि नयाँ उमेदवार हुन् । २०७९ को निर्वाचनमा रास्वपाबाट विशाल अधिकारी उम्मेदवार भएका थिए । उनले १५ हजार ८ सय ६१ मत प्राप्त गरेका थिए । पोखरेलको पक्षका मत अधिकारीले लगेपछि हार बेहोर्नुपरेको त्यतिबेला एमालेको विश्लेषण थियो ।

पोखरेल ३२ वर्षको उमेरमा पहिलोपटक २०५१ सालमा दाङ-२ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए । नेकपा (एमाले)भित्र वैचारिक नेताको छवि बनाएका उनले जित मात्र होइन पटकपटक हार पनि बेहोरेका छन् । २०५६ मा नेपाली कांग्रेसका कृष्णकिशोर घिमिरेसँग हारेका पोखरेल २०६४ सालको पहिलो संविधान सभामा भने उनी समानुपातिकबाट सभासद थिए । त्यसबेला उनी सूचना तथा सञ्चारमन्त्री पनि बने । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेसकै बुद्धिराम भण्डारीसँग पराजित भए ।

२०७४ को आम निर्वाचनमा एमाले र माओवादी केन्द्रले गठबन्धन बनाएको थियो । पूर्वसभामुख कृष्णबहादुर महरा र पोखरेल दुबैले दाङ २ मा दाबी गरेपछि लुम्बिनी प्रदेशको पहिलो मुख्यमन्त्री हुनेगरी पोखरेल प्रदेशसभा जान तयार भएका थिए । वाम गठबन्धनको बलमा कांग्रेसका कमलकिशोर घिमिरेलाई हराएर लुम्बिनी प्रदेशसभा पसेका पोखरेल झण्डै ४ वर्ष मुख्यमन्त्री बने ।







## सम्पादकीय

# राजनीतिमा स्वतन्त्र आकांक्षा

फागुन २१ को प्रतिनिधि सभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारको संख्या उल्लेख्य देखिएको छ । निर्वाचन आयोगका अनुसार ३ हजार ३ सय ८७ उम्मेदवारमध्ये एक चौथाइभन्दा धेरै अर्थात् १ हजार १ सय ८९ उम्मेदवार दलविहीन स्वतन्त्र छन् । यसले नेपाली राजनीतिप्रति आकर्षण बढेको देखाएको छ । स्वतन्त्र उम्मेदवार बढ्नुको अर्थ राजनीतिमा नयाँ व्यक्तिको प्रवेश हो । केही समयअघिसम्म राजनीतिलाई फोहोरी खेल भन्ने र चासो नराख्ने युवा पुस्तामा अहिले चासो बढेको छ । स्वतन्त्र उम्मेदवारी दिनेमध्ये ठुलो संख्यामा युवा छन् । यसले राष्ट्रिय राजनीतिमा युवा पुस्ताको आशा र आकर्षण बढेको पुष्टि गर्छ ।

लामो समयदेखि राजनीति भन्नासाथ केही दल र केही नेता मात्र बुझाउँथ्यो । उही नेतृत्व, उही शैली र उही वाचा दोहोरिँदै आएका थिए । यसले नागरिकमा निराशा बढाएको थियो । दलभित्रै नयाँको खोजी हुँदै आए पनि त्यसले सार्थकता पाएको थिएन । त्यसैले मुख्य दल र नेता निर्विकल्पजस्तो बनेका थिए । तर गत निर्वाचनदेखि नै वैकल्पिक शक्तिको खोजी हुन थालेको देखिन्छ । जेनजी आन्दोलनपछि नयाँ पुस्ताको आकर्षण राजनीतिमा बढेको देखिन्छ । यसले आमनागरिकमा आशा मात्र जगाएको छैन, निर्वाचनबाटै आफूले चाहेको परिवर्तन खोज्नेहरूका लागि पनि सहज भएको छ ।

यस निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिनेमध्ये केही वैकल्पिक सोच बोकेका छन् । केही पार्टीभित्र टिकट नपाएपछि मैदानमा उत्रिएका बागी उम्मेदवार छन् । कारण जे भए पनि स्वतन्त्र उम्मेदवारको उपस्थितिले राजनीतिलाई चलायमान बनाएको छ । नेताका आफूखुसी निर्णय र अति दलीयकरणविरूद्ध बलियोसँग आवाज उठेको छ ।

राजनीतिमा नयाँ अनुहार र स्वतन्त्र उम्मेदवारीले राजनीतिमा नयाँ सम्भावनाको ढोका पनि खोलेको छ । पार्टीको टिकटबिनै जनतामाझ जान सकिन्छ भन्ने विश्वास बढेको देखिन्छ । यसले चुनावी प्रतिस्पर्धासँगै बहसलाई फराकिलो बनाएको छ । मतदाताका लागि विकल्प थपिएको छ । स्वतन्त्र उम्मेदवारले जितून् वा नजितून् तर उनीहरूको उपस्थितिले लोकतान्त्रिक अभ्यासलाई समृद्ध बनाएको छ । पुराना दल र नेतृत्वलाई पुनः एकपटक आत्मसमीक्षा गर्न बाध्य बनाएको छ ।

बहुदलीय लोकतन्त्रमा स्वतन्त्र उम्मेदवारले न सरकार बनाउन सक्छ न त बलियो प्रतिपक्ष नै बन्न सक्छ । एकपटक चुनाव लड्दैमा उनीहरू लामो समय राजनीतिमा रहलान् भन्न पनि सकिन्न । तर उनीहरूले उठाएको प्रश्न महत्वपूर्ण छ । यसले हाम्रो लोकतान्त्रिक अभ्यासलाई परिपक्व बनाउँदै लगेको छ । त्यसैले राजनीतिप्रति बढेको यो आकर्षणलाई क्षणिक नबनाउनुहुँदैन । सुध्रिएको राजनीतिबाट पनि आमनागरिकले चाहेजस्तो देश रूपान्तरण सम्भव छ ।

# अपूरो लोकतन्त्र

*मतको मूल्य, असहमतिको शक्ति, सांसदको भूमिका र डिजिटल सुरक्षाबारे नागरिकलाई साक्षर नबनाइ 'नो भोट' वा 'राइट टु रिकल' प्रभावकारी हुन सक्दैन ।*

**अग्रलेख**



● शम्भू पनेरू

नेपाल फेरि एउटा गहिरो राजनीतिक मोडमा आइपुगेको छ । जेनजी आन्दोलनपछि देखिएको जनअसन्तोष, प्रधानमन्त्रीको राजीनामा, संसद् विघटन र अन्तरिम सरकारको गठनले एउटा स्पष्ट सन्देश दिएको छ- जनताले अब केवल चुनावको दिन मात्रै बोल्ने लोकतन्त्र स्वीकार गर्न तयार छैनन् । दशकौँदेखि नेपाली लोकतन्त्र मतपत्रमा सीमित रहँदै आएको छ । नागरिकलाई पाँच वर्षमा एकपटक प्रतिनिधि छान्ने अधिकार त दिइयो, तर छानेपछि असन्तुष्टि व्यक्त गर्ने, निगरानी गर्ने र आवश्यक परे हटाउने कानुनी शक्ति दिइएन । यही मौनता आज विस्फोटक असन्तोषको रूपमा सतहमा देखिएको हो ।

नेपालमा मतदाता धेरै समयदेखि टिकट वितरण संस्कृतिको बन्धक बनेका छन् । राजनीतिक दलभित्रको गुट, आर्थिक पहुँच, नातावाद र नेताको व्यक्तिगत रोजाइले उम्मेदवार तय हुने परिपाटीले योग्य र इमानदार व्यक्तिलाई पछाडि पार्दै आएको छ । यस्तो अवस्थामा मतदाताले 'यीमध्ये कोही पनि मेरो प्रतिनिधि हुन योग्य छैन' भन्न पाउने अधिकार नहुनु लोकतन्त्रको आधारभूत कमजोरी हो । सर्वोच्च अदालतले २०७० सालमै 'कुनै पनि उम्मेदवारलाई मत नदिने' अधिकार सुनिश्चित गर्न निर्देशन दिएको थियो, तर राजनीतिक दलहरूले यसलाई आफ्नो सुविधाविपरीत ठाने । निर्वाचन कानुनमा त्यसको व्यवस्था भएन । परिणामस्वरूप मतदाताको असहमति मतपत्रमा अंकित हुन सकेन, लोकतन्त्र चलिरहेको देखियो तर जनविश्वास क्रमशः खिइँदै गयो ।

यही पृष्ठभूमिमा 'नो भोट'को बहस पुनः जीवित भएको हो । 'नो भोट' केवल असन्तुष्टि व्यक्त गर्ने विकल्प मात्र होइन, राजनीतिक संस्कार सुधार्ने दबाबको औजार हो । भारतमा लामो बहसपछि 'नन अफ द अबभ' लागू गरियो । सुरुमा यसको प्रभाव सीमित देखिए पनि यसले दलहरूलाई उम्मेदवार चयनबारे पुनर्विचार गर्न बाध्य बनाएको छ । केही राज्यमा उच्च प्रतिशतले दलभित्र आत्ममूल्यांकन सुरु भएको देखिन्छ । कोलम्बियामा त 'नो भोट' बहुमत पुगेमा निर्वाचन नै दोहोरिन सक्छ, जसले दलहरूलाई जनभावनाविपरीत उम्मेदवार अघि सार्न जोखिमपूर्ण बनाएको छ ।

'नो भोट' लागू हुँदा मतपत्र मौन कागज हुँदैन, जनमतको वास्तविक सूचक बन्छ । कुनै निर्वाचन क्षेत्रमा बहुसंख्यक मतदाताले 'नो भोट' रोजे भने त्यसले दल र उम्मेदवार दुवैलाई अस्वीकार गरिएको स्पष्ट सन्देश दिन्छ । यस्तो अवस्थामा उम्मेदवार चयन प्रक्रिया सुधार्न, जनतासँग संवाद बढाउन र योग्य व्यक्तिलाई अघि सार्न दलहरू बाध्य हुन्छन् । यसले लोकतन्त्रलाई केवल अंकगणितीय जित-हारबाट बाहिर निकालेर नैतिक वैधताको दिशातर्फ लैजान्छ ।

तर लोकतन्त्रको समस्या केवल चुनावअघि मात्र होइन, चुनावपछि पनि उत्तिकै गहिरो छ । एकपटक निर्वाचित भएपछि जनप्रतिनिधि पाँच वर्षसम्म लगभग अछुतो बन्ने अवस्था छ । मतदातासँग संवाद नगर्ने, संसदमै नदेखिने, विकास बजेट दुरुपयोग गर्ने वा भ्रष्टाचारमा मुछिँदा पनि जनताले प्रत्यक्ष हस्तक्षेप गर्न सक्दैनन् । यही शून्यताले 'राइट टु रिकल' अर्थात् निर्वाचित प्रतिनिधिलाई कार्यकालमै हटाउने अधिकारको बहसलाई अपरिहार्य बनाएको हो ।




विश्वका धेरै देश र स्थानीय तहहरूले यस अधिकारलाई अभ्यासमा ल्याएका छन् । संयुक्त राज्य अमेरिकाका क्यालिफोर्निया, विस्कन्सिन जस्ता राज्यमा गभर्नरदेखि स्थानीय प्रतिनिधिसम्मलाई रिकल गर्न सकिने व्यवस्था छ । सन् २००३ मा क्यालिफोर्नियाका गभर्नर ग्रे डेविसलाई जनमतबाट हटाइएको थियो । स्विट्जरल्यान्डमा केही क्यान्टनहरूमा रिकलको व्यवस्था छ, जसले प्रतिनिधिलाई निरन्तर जवाफदेही बनाइराख्छ । भेनेजुएलामा राष्ट्रपति ह्युगो चाभेजले समेत रिकल जनमतको सामना गरेका थिए । यी उदाहरणले देखाउँछन् कि सही मापदण्ड र प्रक्रियासहित लागू गरियो भने 'राइट टु रिकल' अस्थिरता होइन, उत्तरदायित्वको माध्यम बन्छ ।

नेपालमा पनि यो अधिकार अराजक ढंगले होइन, कडा कानुनी संरचनाभित्र लागू गर्न सकिन्छ । न्यूनतम कार्यकाल पूरा भएपछि मात्र रिकल प्रस्ताव दर्ता गर्न पाउने, निश्चित प्रतिशत मतदाताको हस्ताक्षर अनिवार्य गर्ने, निर्वाचन आयोगको प्रमाणीकरण र गोप्य मतदानमार्फत अन्तिम निर्णय गर्ने व्यवस्था गरे अस्थिरताको डर न्यून हुन्छ । प्रतिनिधि काम नगरे हटाइने जोखिममा हुँदा नैतिकता, पारदर्शिता र जनसम्पर्क स्वतः सुधार हुन्छ ।

यी सुधारसँगै प्रवासी नेपालीको मताधिकार सुनिश्चित गर्नु अर्को अपरिहार्य विषय हो । फिलिपिन्स, मेक्सिको, दक्षिण कोरिया जस्ता देशले विदेशमा रहेका नागरिकलाई पोस्टल ब्यालेट वा डिजिटल प्रणालीमार्फत मतदानको अधिकार दिएका छन् । नेपालका करिब २२ लाख प्रवासी नागरिक आर्थिक रूपमा मात्र होइन, सामाजिक र राजनीतिक रूपमा पनि देशसँग जोडिएका छन् । उनीहरूको आवाज लोकतान्त्रिक प्रक्रियाबाट बाहिर राखिनु प्रतिनिधित्वको गम्भीर कमजोरी हो । सुरक्षित डिजिटल प्रमाणीकरण, मतदाता परिचयपत्रको एकीकृत डाटाबेस र इलेक्ट्रोनिक पोस्टल ब्यालेटमार्फत यो सम्भव छ ।

> *लोकतन्त्रलाई पूर्ण बनाउन 'नो भोट' र 'राइट टु रिकल'को व्यवस्था अनिवार्य हुनुपर्छ । जबसम्म यो व्यवस्था हुँदैन तबसम्म लोकतन्त्र चुनावी मात्रै हुन्छ, व्यवहारिक हुँदैन । चुनाव हुने, चुनिने तर नागरिकप्रति जिम्मेवारी नहुने परिपाटी निरन्तर चलिरहन्छ ।*

तर कानुनी र प्राविधिक सुधार मात्र पर्याप्त हुँदैन । नागरिक चेतना यसको मेरुदण्ड हो । जर्मनी, नर्वे र क्यानडामा विद्यालय तहदेखि नै नागरिक शिक्षा अनिवार्य छ, जहाँ लोकतन्त्र केवल मतदान होइन, निरन्तर निगरानी र सहभागिताको अभ्यास भनेर सिकाइन्छ । नेपालमा पनि मतको मूल्य, असहमतिको शक्ति, सांसदको भूमिका र डिजिटल सुरक्षाबारे शिक्षा बिना 'नो भोट' वा 'राइट टु रिकल' प्रभावकारी हुन सक्दैन । जेनजी आन्दोलनले देखाएको संकेत स्पष्ट छ । जनताको असन्तोष नेतृत्व परिवर्तनमै सीमित छैन, प्रणाली सुधारको माग हो । प्रधानमन्त्रीको राजीनामा र संसद् विघटन त केवल सतही परिणाम हुन् । गहिरो पीडा भनेको सुन्ने लोकतन्त्रको अभाव हो । 'नो भोट' र 'राइट टु रिकल' यस पीडाको संस्थागत उत्तर हुन सक्छन् । यी अधिकार लागू हुँदा लोकतन्त्र अधिकारको सूची मात्र होइन, निरन्तर आत्मसुधारको प्रक्रिया बन्छ । मतपछि पनि बोल्न पाउने अधिकार सुनिश्चित गर्न सके मात्र नेपाली लोकतन्त्र साँच्चिकै परिपक्व चरणमा प्रवेश गर्नेछ ।

## इतिहासमा आज


२३ जनवरी २००२ मा पाकिस्तानको कराँचीमा अमेरिकी पत्रकार डेनियल पर्लको अपहरण गरियो र पछि हत्या गरिएको थियो ।



२३ जनवरी २०१८ मा लिबियाको बेन्गाजीमा भएको दोहोरो कार बम विस्फोटमा कम्तिमा ३३ जनाको मृत्यु भयो र 'दर्जनौं' घाइते भए । जसमा सैन्य कर्मचारी र नागरिक दुवै परेका थिए ।



२३ जनवरी २०२२ मा व्यापक सरकार विरोधी विरोध प्रदर्शनका बीच पल-हेन्री सान्डाओगो दामिबाको नेतृत्वमा विद्रोही बुर्किनाबे सैनिकहरूले राष्ट्रपति रोच मार्क क्रिस्चियन काबोरेलाई पदच्युत र नजरबन्दमा राखे ।



२३ जनवरी २०१८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ सौर्य प्यानल र वाशिङ मेसिनहरूमा कर लगाएपछि चीन-अमेरिका व्यापार युद्ध सुरु भएको थियो ।



# नारा होइन, नतिजा चाहिन्छ

**विचार**



● भोला थापा क्षेत्री

> *मतदातालाई उद्घाटनका फोटो होइन, पूरा भएको आयोजना चाहिएको छ । ठूला भाषण होइन, सानो तर स्थायी समाधान चाहिएको छ । ५ वर्षपछि मात्रै होइन, हरेक वर्ष जबाफदेही नेतृत्व चाहिएको छ ।*

तनहुँ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ फेरि एक पटक चुनावी बहसको केन्द्रमा उभिएको छ । तर यो बहस यस पटक केवल कुन दलले जित्छ, कुन उम्मेदवार अगाडि छ भन्नेमा सीमित छैन । यो बहस जनताको दैनिकी, बारम्बार दोहोरिँदै आएका अधुरा वाचा र प्रत्येक निर्वाचनपछि जन्मिने निराशाको हिसाब-किताबसँग गाँसिएको छ । करिब १ लाख २३ हजारको हाराहारीमा मतदाता रहेको यस क्षेत्रमा हरेक चुनावले नयाँ आशा बोकेर आउँछ । तर मतदान सकिएको केही समय नबित्दै उही प्रश्नहरू पुनः उठ्न थाल्छन्- सडक किन उस्तै छन् ? खानेपानी किन उस्तै छ ? रोजगारी किन उस्तै छ ? जनजीवन किन उस्तै छ ?

देवघाट, आँबुखैरेनी, बन्दीपुर, भानु नगरपालिका र व्यास नगरपालिकाका केही वडाहरू समेटिएको तनहुँ-१ धार्मिक, पर्यटकीय र कृषिको दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो । देवघाटजस्तो धार्मिक केन्द्र, बन्दीपुरजस्तो पर्यटकीय गन्तव्य र उर्वर कृषियोग्य भूभाग हुँदाहुँदै पनि यहाँको विकास अनुभूति अपेक्षाअनुसार देखिँदैन । सम्भावनाको सूची लामो छ, तर उपलब्धिको सूची छोटो ।

वर्षायाम सुरु हुनासाथ आज पनि धेरै गाउँका सडक हिँड्नै नसकिने बन्छन् । खानेपानी योजनाहरू बजेट, घोषणापत्र र शिलान्यासमै सीमित देखिन्छन्, तर धारामा पानी झर्ने अवस्था नियमित छैन । भूगोल कठिन हुन सक्छ, तर लोकतन्त्रमा नेतृत्वको मूल्यांकन समस्या गनेर होइन, समाधान दिएर गरिन्छ ।

२०७९/२०८० को उपनिर्वाचनमा तनहुँ-१ का मतदाताले अत्यन्त स्पष्ट सन्देश दिएका थिए । परम्परागत राजनीतिक दलहरूप्रतिको असन्तुष्टि व्यक्त गर्दै करिब ३४ हजारभन्दा बढी मत दिएर डा. स्वर्णिम वाग्लेलाई विजयी गराएका थिए । त्यो परिणाम केवल एक उम्मेदवारको जित मात्र थिएन, त्यो पुरानो राजनीतिक अभ्यासप्रतिको अस्वीकार र नयाँ विकल्पप्रतिको आशाको उद्घोष थियो ।

उपनिर्वाचनले देखाएको सन्देश प्रस्ट थियो- हामी विकल्प खोजिरहेका छौँ । तर आज, केही समय बितिसकेपछि, त्यही मतदाताको प्रश्न अझै प्रस्ट र कठोर बनेको छ- त्यो विकल्पले हाम्रो जीवनमा के परिवर्तन ल्यायो ? कार्यकाल छोटो हुनु, संघीय संरचनाको जटिलता, प्रशासनिक प्रक्रिया ढिलो हुनु- यी सबै तर्कहरू सार्वजनिक छन् । तर आम मतदाताका लागि यस्ता संरचनात्मक तर्कभन्दा पनि दैनिक जीवनमा देखिने परिणाम नै निर्णायक हुन्छ । सडक, खानेपानी, स्वास्थ्य सेवा र स्थानीय रोजगारीजस्ता आधारभूत विषयमा ठोस अनुभूति नहुनु नै अहिलेको असन्तोषको मूल कारण बनेको छ ।

फागुन २१ मा हुन लागेको चुनावमा डा. वाग्लेसँगै एमालेकी भगवती न्यौपाने, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार विद्यानाथ ढकाल, नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईलगायतको उम्मेदवारी परेको छ । उम्मेदवारहरू प्रति स्थानीयको फरक-फरक मूल्यांकन छ । सकारात्मक रूपमा हेर्दा, सबै उम्मेदवार योग्य देखिन्छन् । यद्यपि, सबैप्रति प्रश्न पनि छन्- तनहुँ १ का समस्या कहिले सुल्झिन्छिन् ? यहाँका मतदाताले खोजेजस्तो नतिजा कहिले पाउँछन् ?

मतदातालाई उद्घाटनका फोटो होइन, पूरा भएको आयोजना चाहिएको छ । ठूला भाषण होइन, सानो तर स्थायी समाधान चाहिएको छ । ५ वर्षपछि मात्रै होइन, हरेक वर्ष जबाफदेही नेतृत्व चाहिएको छ । मतदाताको प्राथमिकता अब एकदम स्पष्ट छ- आश्वासन होइन, परिणाम चाहियो । यो कुनै दल विशेषको समर्थन होइन, विगतका अनुभवबाट जन्मिएको राजनीतिक चेतना हो ।

सँगै, यहाँका मतदाता अब नारामा होइन, नतिजामा विश्वास गर्न चाहन्छन् । जो नयाँ होस् वा पुरानो, जो जुनसुकै दलको होस् । जनताको दैनिकी बदल्ने क्षमता नै अबको अन्तिम मापदण्ड हो । यो चुनाव चिन्हहरूको प्रतिस्पर्धा मात्र होइन, विश्वास, जबाफदेहिता र जिम्मेवारीको गम्भीर परीक्षा हो । तनहुँ-१ का मतदाताको मात्रै होइन, देशैभरि यही बुझाई छ ।


**(भानु नगरपालिकाका स्थायी बासिन्दा क्षेत्री हाल युएईमा कार्यरत छन् ।)**

## सामाजिक सञ्जाल



**सेतेमान तामाङ**

पुरानो भन्दा नयाँहरू सत्ता लिप्स र नैतिक हीनहरूको वर्चस्व भन्ने चाहिँ जेनजी आन्दोलन पश्चात् बनेको नागरिक सरकारका मन्त्रीहरू निष्पक्ष निर्वाचन गर्न गएका मन्त्रीहरू नै राजीनामा दिएर दल विशेषको उम्मेदवार बन्न जानू चरित्रहीन रहेको पुष्टि गरियो ।



**रुद्र पाण्डे**

न शिक्षा, न समाज सेवा, न उद्यमशीलता, न कार्यकारी अनुभव, सिर्फ सामाजिक सञ्जालका चटके र युट्युबे पत्रकारको भिड बन्ने भो नेपालको संसद् । यी औसरवादीलाई उद्योग धन्दा गर्ने र दिन भर पसीना काट्नेको मर्म के थाह ? यिनीहरूको भिडले संसद् क्याप्चर गर्‍यो भने नेपालको सिक्किमीकरण हून सक्छ ।



**प्रेम घर्ती मगर**

सुशासन र चुनाव गराउने भनेर गठित अन्तरिम सरकारमा सामेल भएका मन्त्रीहरू राजीनामा-पत्र थमाउँदै चुनाव लड्न दलको टिकट बोकेर फुत्त-फुत्त निस्किएको देख्दा नागरिकले विश्वास गरे भन्दा फरक पात्र र परिदृश्य सरकारमा रहेछ भन्ने प्रस्ट भयो । स्वार्थ समूह सरकारमा पुगेको प्रमाण हो, यो ।



**नारायण वाग्ले**

यस पटक निर्वाचनको एउटा विशेषता उम्मेदवार आफैँले भीड नियन्त्रण गर्नुपर्ने भयो । हामी मतदाता किन यस्तरी भीड बन्न पुगेका हौँ ? हामी त पछिपछि लाग्ने होइन, उम्मेदवारको अगाडि बसेर सवाल जवाफ गर्ने पो हो । कि होइन ?

# रेशम चौधरीको उम्मेदवारी रद्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ



नागरिक उन्मुक्ति पार्टी (नाउपा) नेपालका संरक्षक रेशम चौधरीको उम्मेदवारी रद्द भएको छ । चौधरीले कैलाली निर्वाचन क्षेत्र नम्बर-१ बाट उम्मेदवारी दर्ता गराएका थिए ।

निर्वाचन आयोगले चौधरी उम्मेदवार हुन योग्य नरहेको भनेर उम्मेदवारी नै रद्द गरेको हो । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार पाँच वटा उजुरी परेका थिए । चार वटा उजुरी नै खारेज भयो भने चौधरीको उजुरी अनुसार उम्मेदवारी रद्द गरेको हो ।

सूचना अधिकारी घिमिरेका अनुसार प्रचलित निर्वाचन कानुन र निर्देशिकाले तोकेको मापदण्ड पूरा नभएकोले रद्द भएको हो ।

निर्वाचन अधिकृत देवराज भारतीले चौधरी उम्मेदवार बन्न कानुनी रूपमा अयोग्य ठहरिएकाले उनको मनोनयन कायम राख्न नसकिएको भनेर निर्वाचन आयोगमा पत्राचार गरेका थिए ।

चौधरीको उम्मेदवारी रद्द गर्नुका पछाडि निर्वाचन आयोगले विभिन्न कानुनी आधारहरू प्रस्तुत गरेको छ ।

फौजदारी कसुर र अदालती फैसलाको विषय देखाइएको छ । रेशम चौधरी वि.सं. २०७२ मा भएको टीकापुर घटनामा मुख्य दोषी ठहर भई अदालतबाट जन्मकैदको सजाय पाएका व्यक्ति हुन् । यद्यपि उनले राष्ट्रपतिबाट आम माफी पाएका थिए । तर अदालतको फैसला बदर नभएको र दोषी ठहर भएको अवस्था कायमै रहेकाले उनी उम्मेदवार बन्न अयोग्य भएको आयोगको निर्णयमा छ। फौजदारी अपराध संहिताको व्यवस्थालाई पनि आयोगले आधार लिएको छ।

मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १५९ को उपदफा (१०) ले गम्भीर प्रकृतिका फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएका व्यक्तिहरूलाई प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्न रोक लगाएको छ । सोही कानुनी व्यवस्थाका कारण उनको उम्मेदवारी खारेज गरिएको आयोगको निर्णयमा उल्लेख छ ।

निर्वाचन आयोगको पूर्व-निर्णयलाई निर्णयमा आधार लिइएको छ । यसअघि वि.सं. २०८० फागुन २४ गते निर्वाचन आयोगले चौधरीलाई राजनीतिक दलको सदस्य बन्न समेत अयोग्य रहेको निर्णय गरेको थियो ।

**Malaysia मा रोजगार** Company Name : Le Shrimp Sdn. Bhd.
पुर्व स्वीकृती मिति: २०८२/१०/७ चलानी नं. ६०२५१०२१ LT No.: 337273

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 20 | 0 | [illegible] | 1700 | ६१,४७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ माघ १६ गते (30 Jan., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

Gulf Jobs Hunts Manpowers Pvt. Ltd.
KMC-26, Townplaning, Gongabu Nepal, Ph. : 01-4975955
Email : babugulfjobshunts@gmail.com
Govt. Lic. No.: 872/066/067

**कतारमा रोजगार** कम्पनी : WIN STAR ENGINEERING AND SERVICES शहर : DOHA
पुर्व स्वीकृत मिति: २०८२/१०/०७ चलानी नं.: ६०२५०९०६ L.T. No.:337383

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ४०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १८ गते (1 February 2026) मा हुनेछ ।

Facility Manpower Services Pvt. Ltd.
Sinamangal , Kathmandu, Nepal,
Tel.: 01-4110864, 9851102450. E-mail: facility276@gmail.com Web: www.fms.com.np
श्रम इजाजत नं.: २७६/०५८/५९


# Phalelung Rural Municipality
## Office of Rural Municipal Executive
**Thakepung, Panchthar**
**Koshi Province, Nepal**

## Notice of E-BID Invitation

**First Date of Publication: 2082/10/08 (2026/01/22)**

1. The Government of Nepal and Phalelung Rural Municipality has allocated funds for the Procurement of Nutrition Friendly Goods. Bidding is open to all eligible bidders on **bolpatra.gov.np** as per Bidding Documents under NCB for Nepalese Bidders.
2. Phalelung Rural Municipality invites all Bidders with bids firm registered as Supply of goods. Detailed Evaluation and Qualification Criteria are provided in Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents on ***bolpatra.gov.np***
4. Pre-bid meeting shall be held at Office of Phalelung Rural Municipality, Thakepung, Phanchthar on 2026/02/13 at 8:00 am on Phalelung Rural Municipality, Thakhepung, Panchthar.
5. Bidding documents must be submitted **to bolpatra.gov.np** by eligible Bidders upon payment of a non-refundable fee for bid documents in **PRIME COMMERCIAL BANK PHALELUNG** branch to Deposit NRS. 3,000/- for per bid to Account NO. GA.1.1 ANTARIK RAJASWA A/C PHALELUNG GA.PA.(07301000000031200129).
6. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives at the office of Phalelung Rural Municipality, bid bond Guarantee must be valid for a period of 90 **days** after bid opening and must be accompanied by bid security, which shall be **valid for 30 days** beyond the bid validity period. Moreover, bids will not be prevented to be opened in absence of Bidders' representative.
8. If bidders wish to submit the Bid Security in the form of cash, they may deposit on the Account NO. GA.3 DHARAUTI PHALELUNG GA.PA (07301000000032100112**)** in **PRIME COMMERCIAL BANK PHALELUNG** branch.
9. If any amendment takes place, it will be published and if the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. For further information, bidders may contact on 9852684106, 9852684225.
12. The names, identification and further details of the contract are as follows:

| Contract Identification No. | Description of Work | Last date of bid submission | Bid Security Amount (Rs.) | Bid Document Fees |
|---|---|---|---|---|
| PHRM/NCB/ G-N/2082/083-05 | Procurement of Nutrition Friendly Goods | 2026/02/22 12:00 noon | 65,500.00 | 3,000.00 |

**Chief Administrative Officer**



## हार्दिक श्रद्धाञ्जली



**जन्म:** वि.सं. २००१ फागुन २ गते

**स्व. गौरीनारायण श्रेष्ठ**

**स्वर्गारोहण:** वि.सं २०८० फागुन २ गते

यस मध्यान्ह दैनिकको प्रकाशक सीतादेवी श्रेष्ठका पुजनीय पिता एवम् प्रधान सम्पादक मदनकुमार श्रेष्ठका पुज्य ससुरा **गौरीनारायण श्रेष्ठ**को स्वर्गारोहण भएको आज दोस्रो वार्षिक पुण्यतिथिमा स्वर्गीय श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**मध्यान्ह दैनिक परिवार**



## हार्दिक श्रद्धाञ्जली



जन्म मिति: २००९/१२/१९

स्वर्गारोहण मिति: २०८२/०९/२७

**स्व. शान्ति किरण जोशी**

यस समाजको सदस्य संस्था तथा सहयोगी मोन्टेज ओभरसिज प्रा.लि.का संचालक **साजनमान जोशी**की ममतामयी आमा **शान्ति किरण जोशी**को ७३ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्व. जोशीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**किशन प्रधान**
अध्यक्ष
तथा
**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज**



## हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २००९/१२/१९

**स्व. शान्ति किरण जोशी**

स्वर्गारोहण: वि.सं २०८२/०९/२७

यस मोन्टेज ओभरसिज प्रा.लि.का संचालक साजनमान जोशीकी ममतामयी आमा **शान्ति किरण जोशी**को ७३ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा स्व. जोशीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**मोन्टेज ओभरसिज प्रा.लि.**
**परिवार**
कलंकी, काठमाडौं ।



## हार्दिक श्रद्धाञ्जली



जन्म मिति: २००९/१२/१९

स्वर्गारोहण मिति: २०८२/०९/२७

**स्व. शान्ति किरण जोशी**

हाम्रा शुभेच्छुक तथा मोन्टेज ओभरसिज प्रा.लि.का संचालक **साजनमान जोशी**की ममतामयी आमा **शान्ति किरण जोशी**को ७३ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा स्व. जोशीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** प्रकाशक
**मदनकुमार श्रेष्ठ** प्रधान सम्पादक
तथा
**मध्यान्ह** Madhyanha National Daily राष्ट्रिय दैनिक
**परिवार**

# शुल्क पुनरावलोकन गर्दै त्रिवि



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयले विभिन्न संकायमा विद्यार्थीसँग लिँदै आइएको शुल्कको पुनरावलोकन गर्न बने को कार्यदलले बिहीबारदेखि काम थालेको छ।

शुल्कबारे विद्यार्थी संगठनको विरोधका कारण उपकुलपति कार्यालयमा अवरोध हुनुका साथै विश्वविद्यालयको दैनिक गतिविधि प्रभावित हुन थालेपछि विश्वविद्यालयको कार्यकारी परिषद्ले गत साता व्यवस्थापन संकायका सहायक डीन प्राध्यापक डा.दिलीप पराजुलीको संयोजकत्वमा शुल्क पुनरावलोकनसम्बन्धी उच्चस्तरीय कार्यदल गठन गरेको थियो। कार्यदलमा अंग्रेजी केन्द्रीय विभागका प्रमुख ध्रुव कार्की र शिक्षाशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा सूर्यबहादुर थापासमेत छन्।

कार्यदललाई तीन महिनाभित्र सबै अध्ययन संस्थान, आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा लिइने सबै प्रकारका शुल्कको अध्ययान गरी समयानुकूल बनाउन र एकरूपता हुनेगरी कार्यविधि सिफारिस गर्न कार्यादेश दिइएको डा.पराजुलीले जानकारी दिए।

